पौष,२०७४

# सेवा प्रवेश शिक्षक तालिम पाठ्यक्रम

## माध्यमिक तह

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## विषयसूची


| क्र. स. | विषयबस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको सक्षमता | १ |
| ३ | तालिमको विषयवस्तु | १ |
| ४ | तालिम कार्यान्वयन कार्यविधि | २ |
| ५ | तालिम मूल्याङ्कन | ४ |
| ६ | कार्ययोजना तथा प्रतिबद्धता | ४ |

## १. परिचय

सेवा प्रबेश तालिम जनशक्तिहरुका लागि संगठनमा प्रबेश गराउने एक महत्वपुर्ण प्रक्रिया हो । यसले संगठन भित्रको कार्य वाताबरण र व्यबस्था अनुकुल कार्य सम्पादन गर्न सहज बनाउन सहयोग गर्दछ । सेवा भित्रका विविध पक्षहरु तथा सेवा सुविधा लगायत कार्यबातावरण प्रति नवप्रवेशी जनशक्तिहरुलाई प्रशिक्षित गर्न सेवा प्रवेश तालिम आबश्यक हुन्छ । यसै कुरालाई मध्यनजर गरी शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षक सेवा आयोगबाट छनौट भएर आएका शिक्षकहरुको लागि सेवा प्रवेश तालिमको व्यवस्था गरेको छ ।

शिक्षक सेवा आयोगको प्रतिपर्धाबाट अब्बल भएर छनौट भएका शिक्षकहरुलाई उनीहरुको कार्यस्थल जानु अघि नै उनीहरुले आफ्नो कार्यस्थलमा निभाउनु पर्ने भूमिकाहरु स्पष्ट पार्ने र आफ्नो कार्यस्थल अनुकुल आफ्नो भूमिका निभाउन अब्बल बनाउन यो तालिम पाठ्यक्रमको विकास गरिएको हो । शिक्षासंग सम्बद्ध संघसंस्थाहरूको सहकार्यमा शैक्षिक जनशक्ति विकास केन्द्रले विकास गरेको यस पाठ्यक्रमले विद्यमान ऐन तथा कानुन, शिक्षण सिकाइ प्रक्रियाको सिलसिलामा विद्यालय तहमा निभाउनु पर्ने विविध भूमिका, सरोकारवालाहरुसंगको निरन्तर सहयोग तथा समन्वय र निरन्तर पेशागत विकास जस्ता विषयवस्तु समावेश गरिएको छ ।

## २. तालिमको सक्षमता

शिक्षक सेवा आयोगबाट छानिएर आएका शिक्षकहरुलाई आआफ्नो कार्यस्थल जानु पुर्व नै सो सम्बन्धमा सुसुचित गरि कार्यवाताबरण अनुकुल आफ्नो भुमिका प्रभावकारी रुपमा निभाउन सक्षम बनाउनु यस तालिमको मूख्य उदेश्य हो । यस तालिम पश्चात सहभागी नवप्रवेशी शिक्षकहरुमा निम्न सक्षमताहरु विकास हुने अपेक्षा गरिएको छ :

- आफ्नो पेशागत कार्यसंग सम्बन्धित नीति तथा कानुनहरुको परिपालना
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्री र शिक्षक निर्देशिका अनुरुप शिक्षण
- सिकारुमैत्री वातावरण निर्माण गरी शिक्षण सिकाइ सञ्चालन
- व्यवहारिक शैक्षणिक योजना निर्माण र प्रयोग
- उपयुक्त मूल्यांकन प्रक्रिया अवलम्बन गरी सिकाइ प्रवर्धन
- गुणस्तरीय शिक्षाका लागि सबै सरोकारवालाहरु संग प्रभावकारी सञ्चार र समन्वय स्थापना
- निरन्तर पेसागत क्षमता विकास गर्ने तरिकाको अवलम्बन

## ३. तालिमका विषयवस्तु

यस तालिमका लागि तोकिएका मुख्य विषयवस्तुहरू देहायबमोजिम रहेका छन् :

| क्रस | विषयक्षेत्र | विषयबस्तुको विस्तृतीकरण | भार /सत्र |
|---|---|---|---|
| १ | विद्यमान ऐन तथा कानुन | • शिक्षा ऐन तथा नियमावली<br>✓ सेवा सर्त र सुविधाहरु<br>✓ आचारसंहिता (शिक्षक तथा विद्यार्थी)<br>✓ सम्पति विवरण<br>✓ सिटरोल फारम | २ सेसन |

| | | | |
|---|---|---|---|
| | | • स्थानीय सासन सञ्चालन ऐन, २०७४<br>• शिक्षक सेवा आयोग नियमावली<br>✓ का.स.मू.<br>✓ वृत्तिविकास | |
| २ | पाठ्यक्रम तथा पाठ्यपुस्तक | • राष्ट्रिय पाठ्क्रम प्रारुप र स्थानिय पाठ्यक्रम प्रारुप पुनरावलोकन<br>• सम्बन्धित  विषय र तहको पाठ्यक्रमको अध्ययन<br>• पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अन्तरसम्बन्ध र शिक्षण सिकाइमा प्रयोग | २ सेसन |
| ३ | शैक्षणिक योजना | • बार्षिक कार्यतालिका र कार्ययोजना निर्माण<br>• दैनिक कार्यतालिका र पाठयोजना निर्माण<br>• शुक्ष्म शिक्षण | ५ सेसन |
| ४ | सिकाइ सहजीकरण | • विद्यार्थी केन्द्रित सिकाइ विधिहरु<br>• शैक्षणिक परामर्श<br>• परिवेश अनुकुल कक्षा व्यबस्थापन<br>• सह तथा अतिरिक्त र पाठ्यन्तर क्रियाकलाप | ३ सेसन |
| ५ | सहयोग र अन्तर सम्बन्ध | • शिक्षण तथा कार्यक्षेत्रसंग सम्बद्ध सरोकारवालाहरुसंगको सहयोग र सम्बन्ध : विद्यार्थी, सहपाठी,प्रधानाध्यापक, विद्यालय व्यबस्थापन समिति, अभिभावक तथा शिक्षक अविभावक संघ, स्रोतकेन्द्र/स्रोत व्यक्ति,विद्यालय निरिक्षक, स्थानीय तह,सहयोगी संघसंस्था | १ सेसन |
| ६ | विद्यार्थी मूल्याङ्कन | • विद्यालय स्तरमा विद्यार्थी मूल्याङ्कन पद्धतिः प्रावधान र अभ्यास<br>• विशिष्टिकरण तालिका<br>• प्रश्न पत्र निर्माण र विश्लेषण | ३ सेसन |
| ७ | निरन्तर पेशागत विकास | • शिक्षक सक्षमता<br>• शिक्षकको पेशागत विकासः प्राबधान र अभ्यास<br>• सिकाइमा उत्सुकता र सहभागिता<br>• आपसी सहयोग र सिकाइ आदानप्रदान<br>• स्वप्रयत्नमा आधारित सिकाइ र नवप्रवर्द्धनात्मक अभ्यास<br>• सिकाइ सुधारमा कार्यमुलक अनुसन्धान (आधारभूत ढांचा समेत)<br>• निरन्तर पेसागत क्षमता विकासमा इन्टरनेटको उपयोग | ३ सेसन |
| ८ | विविध | • कार्यक्रम अभिमुखिकरण<br>• प्रिटेष्ट तथा पोष्ट टेष्ट<br>• कार्ययोजना | २ सेसन |
| | | जम्मा | २१ सेसन |

## ४. तालिम कार्यान्वयन कार्यविधि

### क. तालिमको अवधि

यो तालिम सात दिन अवधिको हुनेछ । सातै दिन आमने सामने पद्धतीबाट शैक्षिक तालिम केन्द्र मार्फत तालिम सञ्चालन हुनेछ । प्रति दिन तिन सत्रका दरले सात दिन अबधिमा २१ ओटा सेसनहरु सञ्चालन हुनेछन । प्रति सेसन एक घण्टा तीस मिनेटको हुनेछ ।

### ख. तालिमको लक्षित समूह

यस तालिमको लक्षित समूह शिक्षक सेवा आयोगबाट छानिएर आएका माध्यमिक तहका नवप्रबेशी शिक्षकहरु हुनेछन ।

### ग. तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

- नवप्रवेशी शिक्षकहरुका लागि सेवा प्रवेश तालिम कार्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुनेछ ।
- शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सेसनसम्म विषयबस्तु शैक्षिक तालिम केन्द्रले स्थानिय परिवेश एवम सहभागीका आबश्यकताका आधारमा परिमार्जन तथा समायोजन गर्न सक्नेछ .
- शैक्षिक तालिम केन्द्रले स्थानीय आवश्यकता अनुसार ५ दिनको छुट्टै तालिम पाठ्यक्रम विकास गर्न सक्ने छ । यसरी विकास गरिएको पाठ्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

### घ. तालिम सहजीकरण

- शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्रका विषय विज्ञ प्रशिक्षक वा रोष्टर प्रशिक्षकबाट तालिम सेसन सहजीकरण गरिने छ । रोष्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ ले तोकेको आधार पुरा गरेको व्यक्ति हुनुपर्दछ ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चाार प्रविधिलाई अधिकतम उपयोग गर्नु पर्नेछ ।
- तालिमका लागि आबश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यबस्था गर्नुपर्नेछ ।
- सिकाइ सहजीकरणका विधि तथा सुचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयबस्तुसंग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्नेछ ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दि“दै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छ :
  - ✓ प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
  - ✓ अन्तरक्रिया विधि
  - ✓ छलफल तथा समूह कार्य विधि
  - ✓ परियोजना कार्य विधि
  - ✓ अवलोकन विधि
  - ✓ मामला अध्ययन
  - ✓ समस्या समाधान र स्वअध्ययन विधि

- ✓ खेल विधि
- ✓ समूह शिक्षण विधि

**५. तालिम मूल्यांकन**

यस तालिममा सहभागी शिक्षकहरुको मूल्याङ्कन निरन्तर रुपमा उनीहरुले तालिमका दौरान निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिता र दैनिक उपस्थितिका आधारमा गरिनेछ । छलफल, समुह कार्य र प्रस्तुतिका साथै प्रिटेष्ट तथा पोष्टटेष्ट पनि मूल्याङ्कनका आधार हुनेछन् ।

**६. कार्ययोजना तथा प्रतिबद्धता**

क. सहभागीहरुले तालिम अवधिमा सिकेका ज्ञान तथा सीपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा कार्यको कार्ययोजना बनाइ प्रस्तुत गर्नुपर्नेछ ।

| क.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. तालिम अवधिमा निर्माण गरिएका पाठयोजना समेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपनेछ ।

ग. सहभागीहरुले कार्ययोजना बमोजिमका सुधारहरु गर्ने प्रतिबद्धता शैक्षिक तालिम केन्द्र समक्ष गर्नु पर्नेछ ।

घ. शिक्षकले जाहेर गरेको प्रतिबद्धता शैक्षिक तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्नेछ ।

ΩΩΩ